# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०५।२६ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

राजश्व अनुसन्धान विभाग मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय कोहलपुर अस्थाई चेक पोष्ट अत्तरिया, कैलालीमा कार्यरत नायब सुब्बा नरेन्द्रकुमार साउद र कार्यालय सहयोगी टिकाराम जोशीले भारतको तर्फबाट सामान ल्याई बेच्ने ब्यापारी(सेवाग्राही) सँग मासिक रुपमा घुस लिने गरेको र सोही प्रयोजनले घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कंचनपुरबाट खटिइ गएको टोलीले निजहरुले रु. ६०,०००/- (साठी हजार) घुस रकम लिदै गर्दाको अवस्थामा निजहरुकै कार्यकक्षबाट नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजहरुलाई बिगो रु. ६०,०००/- (साठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन माग दावी लिइ आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता